**लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको**
**विशेष साधारण सभाको**
**अभिलेख (माईन्यूट)**

**१. वैधानिक सभा :**

लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१ श्रावण १४ मा बसेको २२औ बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको कम्पनीको बिशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री निकोलस पाण्डेज्युको सभापतित्वमा न्युरोड–०८,पोखरा, कास्कीमा अवस्थित कम्पनीको प्रधान कार्यालयमा देहाय बमोजिमका निर्णयहरु गरि सभा सम्पन्न भयो।

**२. सभाको स्थान, मिति र समय :**

| | | |
|---|---|---|
| मिति | : | २०८१ साल श्रावण ३१ गते बिहिबार (१५, अगष्ट २०२४)। |
| समय | : | दिनको १२:३० बजे प्रारम्भ भई १:३० बजे सम्पन्न। |
| स्थान | : | कम्पनीको प्रधान कार्यालय, न्युरोड–०८,पोखरा, कास्की,गण्डकी प्रदेश |

**३. सभाको सूचना :**

यस कम्पनीको विशेष साधारणसभाको सूचना विशेष साधारणसभा हुने मिति भन्दा १५ दिन अगावै प्रथम पटक २०८१ साल श्रावण १५ गते मंगलबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र दोश्रो पटक २०८१ साल श्रावण २२ गते मंगलबारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तथा विशेष साधारणसभाको सूचना सम्पुर्ण शेयरधनीहरुले हेर्न मिल्ने गरि कम्पनीको वेबसाइटमा राखिएको कुरा सभामा जानकारी गराईयो।

**४. विशेष साधारण सभामा पेश भएका प्रस्तावहरु:**

**(क) विशेष प्रस्तावहरु :**

१. कम्पनीले सर्वसाधारणलाई प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) मार्फत साधारण शेयर जारी गर्ने प्रस्ताब स्विकृत गर्ने बारे।

२. साधारण शेयर जारी पश्चात प्राप्त पूंजीको उपयोग सम्बन्धमा।

३. कम्पनीले सर्वसाधारणलाई प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) मार्फत साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक पर्ने कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने बारे।

Liberty Micro Life Insurance Ltd. ★ Pokhara

**(ख) विविध।**

**५. उपस्थिति :**

**(क) सञ्चालक समितिका पदाधिकारीहरु :**

(१) अध्यक्ष, श्री निकोलस पाण्डे

(२) सदस्य, श्री लाङटाङ इन्भेस्टमेन्ट प्रा.लि. का प्रतिनिधि श्री नेहा अग्रवाल

(३) सदस्य, श्री मनिष तिमिल्सिना

(४) सदस्य, श्री बलराम खत्री

(५) स्वतन्त्र सदस्य, श्री आशिष सिंह

**(ख) शेयरधनीहरु :**

(१) व्यक्तिगत शेयरधनीहरु मध्ये ३ जना प्रोक्सी मार्फत

(२) संस्थागत शेयरधनी मध्ये ५ संस्थाको प्रतिनिधि

(३) व्यक्तिगत शेयरधनी स्वयं ६ जना

**(ग) कम्पनीका पदाधिकारीहरु :**

| | |
|---|---|
| (१) श्री राम कुमार यादव | - प्रमुख कार्यकारी अधिकृत |
| (२) श्री दिग्विजय सिंघल | - नायव महाप्रबन्धक/कम्पनी सचिव |
| (३) श्री अशोक कुमार कुँवर | - नायव महाप्रबन्धक |
| (४) श्री शिव प्रसाद पौड्याल | - उप मुख्य प्रबन्धक |
| (५) श्री अर्जुन सिग्देल | - बरिष्ठ सहायक |

**६. गणपूरक संख्या :**

यस कम्पनीमा जम्मा ४५ जना संस्थापक शेयरधनीहरुबाट ५२,५०,००० कित्ता शेयर धारण भएकोमा यस विशेष साधारण सभामा व्यक्तिगत संस्थापक शेयरधनीहरु ३ जनाले प्रोक्सी मार्फत र संस्थागत संस्थापक शेयरधनीहरु मध्ये ५ संस्थाले प्रतिनिधि मनोनयन गरि पठाउनु भएको र संस्थापक शेयरधनी ६ जना स्वयं उपस्थित भई यस सभामा जम्मा ३६,६७,५०० कित्ता शेयर ६९.८६% को प्रतिनिधित्व हुने गरी उपस्थिति यकिन भएकोले आवश्यक गणपुरक संख्या पुगेको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो।

Liberty Micro Life Insurance Ltd. Pokhara

**७. सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), कम्पनी ऐन,२०६३ को दफा ८२(१),कम्पनीको नियमावलीको नियम १८ अनुसार बोलाईएको यस विशेष साधारणसभामा कम्पनी ऐन २०६३ को दफा ७३, कम्पनीको नियमावलीको नियम २३ बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये तिन जना शेयरधनी स्वयम वा निजको प्रतिनिधि उपस्थित भएमा साधारण सभाको काम कारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी र कुल शेयरधनी ४५ जना मध्ये आवश्यक गणपुरक संख्या पुगेकोले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस विशेष साधारण सभाको बैधानिकता पुगेको साथै कम्पनी ऐन,२०६३ को दफा ७५(२) मा उल्लेख भए अनुसार संस्थापक संचालकद्वय श्री लाङटाङ इन्भेस्टमेन्ट प्रा.लि. का प्रतिनिधि श्री नेहा अग्रवाल (शेयर संख्या ११,२५,००० कित्ता २१.४३%) र श्री मनिष तिमिल्सिना (शेयर संख्या १०,००० कित्ता ०.१९%) भर्चुअल माध्यमबाट यस साधारण सभामा भाग लिएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**८. सभाको सभापतित्व र सभा सञ्चालन :**

विशेष साधारण सभाको बैधानिकताको यकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम (१९) अनुसार विशेष साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री निकोलस पाण्डेज्युले ग्रहण गर्नुभयो ।

**९. सभाको उद्घाटन :**

विशेष साधारण सभाको बैधानिकताको यकिन भएपछि विशेष साधारण सभाको उद्घाटन कम्पनीका अध्यक्ष श्री निकोलस पाण्डेज्युले पानसमा बत्ती बालेर गर्नु भयो ।

**१०. स्वागत मन्तव्य :**

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार यादवज्युले विशेष साधारण सभामा भाग लिन उपस्थित हुनु भएका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकज्युहरु लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो मन्तब्य सभा समक्ष राख्नु भयो ।

**११. विशेष साधारण सभाका प्रस्तावहरु प्रस्तुति**

विशेष साधारण सभाका अध्यक्ष श्री निकोलस पाण्डेज्युले सञ्चालक समितिको तर्फबाट यस विशेष साधारण सभा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा ब्यबस्था गरिए बमोजिम कम्पनीको जारी पुंजी अन्तर्गत सर्बसाधारण समुहका लागि छुट्टाइएको रु.१००/- का दरको ३० प्रतिशतले हुने २२,५०,००० कित्ता साधारण शेयर आइपिओ (Initial Public Offering-IPO) सर्वसाधारण समक्ष निष्कासन गर्ने, साधारण शेयर जारी पश्चात प्राप्त पूंजीको उपयोग उपर छलफल गरी पारित गर्न विशेष

Liberty Micro Life Insurance Ltd. * Pokhara

साधारण सभा बोलाउनु परेकोले उक्त दुवै प्रस्ताव उपर आ–आफ्नो राय, सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आवह्वान गर्नु भयो ।

१२. अध्यक्षज्युले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर शेयरधनीहरुबाट कुनै राय सुझाव एवं प्रश्नहरु प्राप्त नभएको हुंदा अध्यक्षज्यूबाट प्रस्तावहरु निर्णयार्थ पेश गर्नु भयो ।

**१३. सभाको निर्णयहरु :**

**(क) विशेष प्रस्ताव**

**विशेष प्रस्ताव नं. १ : कम्पनीले सर्वसाधारणलाई प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) द्वारा साधारण शेयर जारी गर्ने प्रस्ताब स्विकृत गर्ने बारे ।**

**निर्णय :** कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा ब्यवस्था गरिए बमोजिम कम्पनीको जारी पुंजी अन्तर्गत सर्बसाधारण समुहका लागि छुट्याईएको ३० प्रतिशत रकम रु २२,५०,००,०००/- (अक्षरेपी रु बाईस करोड पचास लाख) को प्रति कित्ता अंकित मुल्य रु.१००/- का दरले हुने जम्मा शेयर संख्या २२,५०,००० (बाईस लाख पचास हजार) प्रचलित कानुन, धितोपत्र ऐन, २०६३ तथा नेपाल धितोपत्र बोर्डबाट जारी नीति नियम निर्देशनको अधिनमा रही प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) मार्फत सर्वसाधारणका लागि निष्कासन गर्ने सम्बन्धि प्रस्ताव पारित गरियो ।

**विशेष प्रस्ताव नं. २ : साधारण शेयर जारी पश्चात प्राप्त पूंजीको उपयोग सम्बन्धमा ।**

**निर्णय :** कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा ब्यवस्था गरिए बमोजिम कम्पनीको जारी पुंजी अन्तर्गत सर्बसाधारण समुहका लागि छुट्टाइएको ३० प्रतिशत रकमको प्रति कित्ता रु.१००/- का दरले हुने जम्मा शेयर २२,५०,००० कित्ता प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) मार्फत बिक्रिबाट प्राप्त हुने रकम रु.२२,५०,००,०००/- (रु. बाइस करोड पचास लाख) लाई नेपाल बीमा प्राधिकरणबाट लघु जीवन बीमा कम्पनीहरुका लागि जारी लगानी निर्देशिकाको अधिनमा रही लगानी गरी उपयोग गर्ने निर्णय गरियो ।

**बिशेष प्रस्ताव नं. ३ : कम्पनीले सर्वसाधारणलाई प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) द्वारा साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक पर्ने कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने बारे ।**

**निर्णय :** कम्पनीले सर्वसाधारणलाई प्राथमिक सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) द्वारा साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्बसम्मतीबाट पारित गरियो ।

Liberty Micro Life Insurance Ltd. * Pokhara

**१४. सभा विसर्जन :**

अन्तमा विशेष साधारण सभाका सभापति श्री निकोलस पाण्डेज्यूले छलफल तथा निर्णय गर्नुपर्ने बिषय बाँकी नभएकोले उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै विशेष सधारण सभाको बैधानिक कार्यक्रम दिउसो १:३० बजे समापन भएको घोषणा गर्नु भयो ।

............................
श्री दिग्विजय सिंघल
(कम्पनी सचिव)

Liberty Micro Life Insurance Ltd. Pokhara

............................
श्री निकोलस पाण्डे
(सभाका अध्यक्ष)